# बैजनाथ गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

रामपुर, बाँके

लुम्बिनी प्रदेश नेपाल

मिति २०७८।१।७

# साझेदारीमा कार्यक्रम संञ्चालन गर्नका लागि प्रस्तावना आह्वान सम्बन्धि सूचना

**संस्था छनौट प्रक्रिया**

**सूचना प्रकाशित मिति : २०७८/०१/०९**

बैजनाथ गांउपालिकाको कृषि तथा पशुबस्तुहरुको उत्पादन बृद्धि गरी गांउपालिका क्षेत्रमा रोजगारमुलक, उद्यमशिल र मार्यादित कृषि व्यवसायको बिकास गर्ने उद्देश्यले " साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७६" कार्यान्वयनमा ल्याएको छ । यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०७७/०७८ देखि शुरु गरी बहुवर्षियरुपमा बैजनाथ गांउ पालिका क्षेत्रमा कृषि तथा पशु बिकासमा आधारित परियोजना सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक गैरसरकारी संस्थाहरुबाट यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र प्राविधिक तथा आर्थिक प्रस्तावना पेश गर्न आह्वान गरिएको छ । यस कार्यक्रमको कार्यक्षेत्रगत शर्त (TOR) गांउपालिकाको वेवसाइट www.baijanathmun.gov.np बाट डाउनलोड गर्न वा गांउपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ । योग्यता नपुगेका र आवश्यक विवरणहरु र कागजात संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न गांउपालिका जवाफदेही हुने छैन ।